# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, बागमती प्रदेश, नेपाल


(न्यायिक समिति)

मिति :- २०७८/०१/२०

## सुचना ! सुचना !! सुचना !!!

विश्वव्यापी रुपमा हाल फैलिएको कोरोना भाईरस (कोभिड - १९) को नयाँ भेरियन्टको संक्रमण पछिल्ला दिनहरुमा यस नगरपालिका क्षेत्र भित्र अत्याधिक रुपमा बढिरहेको, यस नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरु समेत संक्रमित भएको र कोरोना भाईरसको महामारी समुदायस्तरमा फैलिएको हुदाँ यसबाट आफू पनि बच्ने र अरुलाई पनि बचाउनका लागी अनुरोध गर्दै यस विषम परिस्थितिमा कोरोना संक्रमणलाई रोकथाम तथा नियन्त्रणका लागी जिल्ला प्रशासन कार्यालय, काठमाडौले जारी गरेको आदेश एवं दक्षिणकाली नगरपालिकाको मिति २०७८/०१/१९ गतेको निर्णयानुसार मिति २०७८/०१/२० गतेको राति १२:०० बजेबाट लागु हुने गरी मिति २०७८/०१/३१ गते सम्मका लागि दक्षिणकाली नगरपालिकाबाट प्रवाह हुने अत्यावश्यक प्रकृतिका सेवा बाहेक सम्पूर्ण सेवा बन्द हुने भएको हुदाँ सो अवधिभर यस न्यायिक समितिबाट पनि महिला, बालबालिका, जेष्ठनागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको हेरचाह, घरेलु तथा लैङ्गिक हिंसा एवं यस न्यायिक समितिको क्षेत्राधिकार भित्र पर्ने कोभिड रोकथाम तथा नियन्त्रणका लागी भएको निषेधाज्ञाबाट सिर्जित कानुनी समस्याहरुको सम्बन्धमा निवेदन दर्ता, सुनुवाई र हदम्याद लाग्ने लिखित जवाफ वा उजुरी दर्ता बाहेकका अन्य सम्पूर्ण सेवाहरु मिति २०७८/०१/३१ गते सम्मका लागी स्थगन गर्ने गरी न्यायिक समितिको सचिवालयबाट हुने नियमित सेवा प्रवाह स्थगित गरिएको व्यहोरा जानकारी गराईन्छ ।

यस विषम परिस्थितिमा माथी उल्लेखित अत्यावश्यक न्यायिक सेवाका लागी तपसिल बमोजिम सम्पर्क गर्नु हुन समेत अनुरोध गरिन्छ ।

नगर उपप्रमुख एवं न्यायिक समिति संयोजक, श्री बसन्ती तामाङ डंगोल (९८४१०७९८९३)
न्यायिक समिति सदस्य, श्री श्याम बहादुर खत्री (९८५११०९६५७)
न्यायिक समिति सदस्य, श्री राजकुमार लामा (९८६३८४७१३५)
कानुनी सल्लाहकार, श्री रुकुमा कर्माचार्य (९८४१४०४०३१)
कानुनी सहजकर्ता, श्री ननिता खत्री (९८६०४७७४६५)

.............................
बसन्ती तामाङ डंगोल
संयोजक
न्यायीक समिति